NJ: NUTA

# सांस्कृतिक आलोकमा 'अविरल बग्दछ इन्द्रावती' उपन्यासको विवेचना

**विष्णुप्रभा उपाध्याय**[1]
[1]नेपाली विभाग, वाल्मीकि विद्यापीठ, नेपाल संस्कृत विश्वविद्यालय
Corresponding email: ujagatprasad@gmail.com
DOI: https://doi.org/10.3126/nutaj.v9i1-2.53863

**लेखसार**

प्रस्तुत शोधलेख रमेश विकलद्वारा लेखिएको 'अविरल बग्दछ इन्द्रावती' उपन्यास (२०४०) मा चित्रित सांस्कृतिक पक्षसँग सम्बद्ध छ । यसमा इन्दावती नदी किनाराका समुदाय र विशेष गरी माझी जातिको सामाजिकस्थान, रहनसहन, भेषभूषा, आम्दानीको स्रोत, अधिकार उपयोग जस्ता विविध पक्षको अध्ययन र विश्लेषण गरी त्यहाँको सांस्कृतिक पक्ष केलाउने प्रयत्न गरिएको छ। संस्कृति परम्परादेखि मानव व्यवहारबाटै निर्मित हुँदै आएको पाइन्छ। संस्कृतिमा परम्परादेखि प्रचलित मूल्य-मान्यताहरूका साथै बदलिँदो परिवेशसँगै सृजित नवीन व्यवहारसमेत थपिँदै जान्छन् । यस लेखमा 'अविरल बग्दछ इन्द्रावती' उपन्यासमा प्रस्तुत विषयवस्तुमा आधारित भएर राजनीतिक शक्तिका आडमा उन्मत्त सामन्ती वर्गको क्रूर र आततायी व्यवहार सहँदै आएका निर्धाहरू अन्यायका विरुद्धमा आवाज उठाउँदै आफ्नो अधिकार प्राप्त गर्ने हिम्मत देखाएको अवस्थाले सामन्तको अधोगति र निर्धाहरू सङ्गठित भई सशक्त हुँदै आएको सङ्क्रमणकालीन अवस्थामा देखिने विभिन्न सांस्कृतिक रूपहरूको खोजी गरी समयको गतिसँगै सांस्कृतिक स्वरूप पनि परिवर्तन हुँदै जान्छ भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* सामन्ती, निम्नमध्यम वर्ग, जीवनपद्धति, वर्गस्वार्थ, सङ्घर्ष,

## विषय परिचय

प्रस्तुत लेख विकलको 'अविरल बग्दछ इन्द्रावती' (२०४०) उपन्यासमा चित्रित सांस्कृतिक पक्षको अध्ययन र विश्लेषणमा केन्द्रित रहेको छ। रमेश विकल (वि.सं १९८५-२०६५) नेपाली आख्यान क्षेत्रका यशस्वी साधक एवम् मूर्धन्य स्रष्टा हुन् । उनका कथासङ्ग्रह -७, उपन्यास -४, नाटक-एकाङ्की-५, यात्रासाहित्य -२, आत्मसंस्मरण -२, व्यङ्ग्य निबन्धसङ्ग्रह-१, बालसाहित्यिक कृतिहरू २३ र अनूदित कृतिहरू ७ गरी जम्मा ५१ ओटा कृति रहेका छन्। उनका कृतिहरूमा प्रगतिशील विचारलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ। 'अविरल बग्दछ इन्द्रावती' उपन्यासमा इन्द्रावती नदी किनाराका विविध जातजाति र तिनको संस्कृति तथा समयक्रमसँगै त्यसमा देखापर्न थालेको परिवर्तनका विविध पक्षलाई ठम्याउने प्रयत्न गरिएको छ।

मानव जीवन निरन्तर गतिशील हुन्छ ।समयसँगसँगै सामाजिक मूल्य-मान्यताहरू पनि परिवर्तन र थपघट भइरहन्छन्। मानव जीवनको यस गतिमा विविध घटनाक्रम र परिस्थितिले मानव समुदाय उँचनीच, धनी-गरिब, शोषक-शोषित, शक्तिशाली र शक्तिहीन आदि वर्गीय कित्ताकाटको अवस्थामा पुगी त्यसको सुरुआत, विकास, उत्कर्ष, पतनजस्ता चरणहरूको आवृत्ति, पुनरावृत्ति हुँदै जान्छन् । यस गतिमा शिक्षा, रोजगारलगायतका विविध

क्षेत्रमा पहुँच समान तरिकाले नहुँदा समाजमा वर्गीय विभेदको बीजारोपण हुँदैजान्छ र त्यो मौलाउँदै पनि जान्छ । पहुँचवालाहरू सम्पन्न बन्दै जान्छन् र उनीहरूले कमजोरहरूमाथि हैकम जमाउँछन् । यसरी बलियाहरूले आफूभन्दा कमजोरलाई दबाएर आफू समाजमा सर्वेसर्वाबन्दै जाँदा प्रचलित नीति-नियम, सामाजिक मर्यादा तथा लोकापवादसमेतको ख्याल नगरी पूर्ण स्वतन्त्रताको अवस्थामा उनीहरूकसरी हिंस्रक प्राणीभैंmँ क्रूर र विवेकहीन बन्न पुग्दछन् भन्ने कुरालाई यस उपन्यासका पात्र बुढा काजी र साना काजीका तीनपुस्ताका माध्यमबाट पुष्टि गर्न खोजिएको छ । त्यस्तै गरी अशिक्षा र अज्ञानताको अन्धकारमा रहेका तथा आर्थिक रूपमा कमजोर पुरानो पुस्ताका सोझा गाउँलेहरू आफ्नो सर्वस्व खोसेर आफूलाई दीनहीन बनाउने शोषकवर्गका व्यक्तिहरूको कपटी व्यवहारलाई पनि माया र सहयोग सम्झी उल्टै उनीहरूलाई नै परमेश्वर मानेरकसरी श्रद्धा गरिरहेका हुन्छन् भन्ने तितो यथार्थलाई पनि यहाँ देखाउन खोजिएको छ । उपन्यासमा नयाँ पुस्ताका सचेत युवाहरू भने अन्यायले सीमानाघे पछि र युग परिवर्तन हुँदै जाने क्रममा दबिएको संस्कारबाट छुटकारा पाउनका लागि सङ्घर्षरत देखिन्छन् । समाजमा जरा गाडेर हैकम चलाएका सामन्त र शोषक वर्गसँग सजिलै मुकाबिला गर्न नसके पनि सङ्गठित हुँदै बिस्तारै आफ्नो गुमेको अधिकार लिई मानव भएर बाँच्नका लागि अग्रसर हुन थालेको युवापुस्तामा सामाजिक, व्यावहारिक चालचलन, रहनसहन, बोली आदिमा आएको परिवर्तनलाई आधार मानी वर्गीय विभेदले युक्त समाज र त्यसको संस्कृति तथा वर्गीय विभेदविरुद्ध सङ्घर्षशील चेतना उद्बोधन हुँदै गरेको नवसंस्कृतिका बिचमा के-कस्तो अन्तरसम्बन्ध छ भन्ने विषयको अध्ययन गर्नु नै यस लेखको उद्देश्य रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत शोधलेखमा रमेश विकलद्वारा लेखिएको 'अविरल बग्दछ इन्द्रावती' उपन्यासको सांस्कृतिक पक्षको अध्ययन गरिएको छ । तसर्थ यहाँ 'अविरल बग्दछ इन्द्रावती' उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । उपन्यासभित्र देखिन आएका विविध सांस्कृतिक मूल्य-मान्यताहरू आदि यस शोधलेखका निम्ति प्राथमिक सामग्री हुन् । संस्कृतिसँग सम्बन्धित पुस्तक, अन्तर्वार्ता, विद्युतीय माध्यमबाट प्राप्त विचारहरू आदिलाई द्वितीयक सामग्रीक ारूपमा प्रयोग गरिएको छ । यस अध्ययनमा उपन्यासमा प्रकट भएका परिवेशगत संस्कृति, जातीय संस्कृति, लैङ्गिक संस्कृति र वर्गीय संस्कृति जस्ता पक्षको विश्लेषणका निम्ति यी पक्षसँग सम्बन्धित आवश्यक सैद्धान्तिक अवधारणालाई आधार बनाइएको छ । उपर्युक्त प्राथमिक र द्वितीयक सामग्री पुस्तकालयीय पद्धतिबाट प्राप्त गरिएका छन् ।

## सैद्धान्तिक पर्याधार

मानवीय जीवनका दैनिक आहार-विहार, रहनसहन, चालचलन, आचारविचार, विधिव्यवहार र रीतिस्थिति नै संस्कृति हुन् । मानिसको उत्पत्ति र विकाससँगै संस्कृति पनि विकसित हुँदै आएको हुन्छ । समाजभित्र रहेका विभिन्न जातजाति, वर्ग, लिङ्ग र परिवेशअनुसार सोच र व्यवहारमा पनि पृथक्ता हुन्छ । यसैका आधारमा संस्कृतिमा विविधता पाइन्छ । संस्कृति परम्परागत पनि हुन्छ र नवप्रवर्तनमा आधारित अर्थात् नवीन पनि हुन्छ । परम्परादेखि निरन्तर रूपमा मानवीय जीवनमा प्रभाव पार्नेसंस्कृति परम्परागत संस्कृति हो भने मानवनिर्मित विभिन्न हातहतियार, उद्योगधन्दा, व्यापार-व्यवसाय र तिनका कारणले जीवन जिउने क्रममा मानवसभ्यतामा आएका फरक तौरतरिका जीवनशैली जस्ता कुराहरू नवीन संस्कृति हुन् । अन्ततः संस्कृति परम्परागत मूल्यमान्यताबाट केही जोगिँदै, केही थपिँदै र केही परिवर्तन हुँदै मानवीय दिनचर्याका छाया तथा पदचाप बनेर निरन्तर बगिरहन्छ ।

संस्कृतिका सम्बन्धमा विभिन्नविद्वान्हरूले आ-आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । 'संस्कृति भनेको हरेक युगको सापेक्षतामा अवलम्बन गरिएका उत्पादन र निर्माणपद्धतिको अभिव्यक्ति हो, जसलाई चाडपर्व, रीतिरिवाज,

रहनसहन, भेषभूषा, बाजागाजा र नाचगानका रूपमा  देख्न सकिन्छ । संस्कृति नयाँ सिप र प्रविधि, हातहतियार र औजारहरूमा पनि प्रतिबिम्बित भइरहेको हुन्छ (जी. सी., २०७२,  पृ.२८) ।' मानवजातिले निर्माण गरेका मूर्त र अमूर्त सम्पदाका रूपमा संस्कृति प्रतिबिम्बित हुन्छ । उत्पादनका विविध औजार र तिनको प्रयोग आदिमा पनि संस्कृति पाइन्छ ।

'मानिसले सभ्यताको विकासकाक्रममा अपनाएका मूल्य-मान्यता र प्रथा-परम्परामा नित्य आइरहने शुद्धीकरणको प्रक्रिया नै संस्कृति हो (के.सी., २०७५, पृ.५२०) ।' परम्परागत रूपमा हाम्रा पुर्खाले अपनाएका र हामीले पनि तिनै व्यवहारालाई अनुसरण गरेका अनि आफूले पनि थप्दै गएका कुराहरू पनि संस्कृति हुन् ।कुनै व्यक्ति, जाति र राष्ट्रको पहिचान संस्कृतिबाट नै खुल्दछ । 'संस्कृति मानिसको चेतना र व्यवहारसँगै  गाँसिदै आएको पाइन्छ । संस्कृतिको निर्माण जीवनको अन्तर्द्वन्द्वबाट हुन्छ ।(प्रश्रित र पन्त,२०६९, पृ.५०-५१)।' मानिसको चेतना शक्तिले आफ्नो उद्देश्य प्राप्तिका लागि विभिन्न सिर्जनात्मक क्रियाकलापहरू गर्न उसलाई सक्षम बनाउँछ। यसबाट सिर्जनात्मक र कलात्मक संस्कृतिको विकास हुन्छ ।

'प्रज्ञा नेपाली बृहत् शब्दकोश' अनुसार धेरै समयदेखि देशकालसापेक्ष भई आन्तरिक, वैचारिक  तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचारविचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधन नै संस्कृति हो (२०७९, पृ. १८७४) । मानिसका विभिन्न आचरण र तिनबाट घटित क्रियाकलाप अनि चाडपर्व र तिनलाई मनाउने तरिका पनि संस्कृति हो  ।

'समाजमा विद्यमान जनसमुदायको सांस्कृतिक अन्तरप्रभावद्वारा कुनै पनि संस्कृतिको सार निर्धारित हुने हुँदा वर्गीय समाजमा पनि संस्कृतिको वर्गचरित्र निर्माण हुन्छ । प्रत्येक सत्ता संस्कृतिसँगै प्रतिसंस्कृति पनि हुर्किरहेको हुन्छ र त्यसले मानवसभ्यता निर्माणको उपकरण बनेर मानवता, देशभक्ति र विश्वबन्धुत्व प्रवर्धनमा महत्त्वपूर्ण टेवा दिन्छ; असमान संस्कृतिलाई समान संस्कृति  निर्माणको चरणतर्फ अग्रसर  गराउँछ र राष्ट्रिय संस्कृतिबाट अन्तर्राष्ट्रिय संस्कृति तर्फ डोऱ्याउँछ । त्यसैले कुनै वस्तुलाई परिमार्जन गरेर वा सुसंस्कृत रूप दिएर चम्किलो, उज्यालो र निखुट बनाउने काम, संस्कार, परिष्कार गर्ने कामलाई संस्कृति भनिन्छ (प्रभात, २०७४ : पृ.४६१) ।'

प्रत्येकसमाजमा आ-आफ्नै प्रकारका सोच र विचार हुने हुँदा उनीहरूका  संस्कृति  पनि फरक फरक हुन्छन् । एक-अर्काको विचारबिच तादात्म्य नहुँदा प्रतिसंस्कृतिको जन्मसमेत हुन पुग्छ । त्यसबाट फरक तथा छुट्टै संस्कृतिको निर्माण हुन्छ । मानिसको विचारमा आउने परिवर्तन र सभ्यताको विकाससँगै नयाँ संस्कृतिको प्रवर्तन र प्रवर्धन हुन्छ ।

'संस्कृति सामाजिक-आर्थिक संरचनाको प्रतिबिम्ब भएको हुँदा त्यसको परिधि एकदमै व्यापक छ। मानवजातिले भौतिक र मानसिक श्रमबाट सृजना गरेका सबै मूल्यवान् वस्तुहरू संस्कृतिभित्र पर्दछन् । संस्कृति समाजको त्यस्तो सङ्घटना हो, जुन समाजको खानपान, रहनसहन, आचार-व्यवहार, चिन्तन-मनन, यथार्थ-आदर्श सबैमा व्याप्त हुन्छ (चापागाईं, २०५९, पृ.१) ।' हामी मानिस जीवनयापनका क्रममा विविध श्रममूलक र आयमूलक जस्ता क्षेत्रमा संलग्न हुन्छौँ । समयसँगै  कामको प्रकार र काम गर्ने  विधि तथा तरिकामा परिवर्तन भइरहन्छ । त्यसबाट पनि फरक संस्कृतिको निर्माण हुँदै जान्छ ।

'मानवजीवन र आचरणको स्थिति, जीवनयापनको तरिका, शैली र सामाजिक जीवनपरम्परा आदिलाई सम्बोधन गरिने शब्द संस्कृति हो (सुवेदी, २०७३, पृ.२०१) ।' मानव सामाजिक प्राणी भएकाले उसले समाजमा रहँदा र सामाजिक जीवन जिउँदा अपनाउने व्यवहार पनि संस्कृति हो ।'संस्कृति भनेको कुनै जाति वा समुदायको एउटा जीवनशैली हो । यो शब्द संस्कारसँग सम्बन्धित छ । मान्छे कसरी बाँच्छ र कसरी चल्छ; त्यसैको स्वरूप हो संस्कृति (विकल, २०६७,पृ. ८६) ।' हामी के गर्छौं ?, कसरी बाँचेका छौं ?, हाम्रो जीवनशैली कस्तो छ ?भन्ने कुराबाट पनि संस्कृति निर्माण हुन्छ ।

यसरी विभिन्न विद्वान्हरूका विचारलाई संश्लेषण गर्दा परम्परादेखि वर्तमानसम्म मानव जीवनसँग सम्बन्धित आचार, विचार, जीवनशैली, श्रम, साधन, नवीन सोच र तज्जन्य प्रभाव तथा त्यसका परिणतिलगायतका कुराहरू संस्कृति हुन् भन्ने निष्कर्ष निस्कन्छ । यही मान्यतालाई आधार मान्दै यस लेखमा विकलको 'अविरल बग्दछ इन्द्रावती' उपन्यासमा प्रतिविम्बित जातीय, वर्गीय र लैङ्गिक संस्कृतिको अध्ययन र विश्लेषण गरिएको छ ।

## 'अविरल बग्दछ इन्द्रावती' उपन्यासको विश्लेषण

रमेश विकलद्वारा लेखिएको 'अविरल बग्दछ इन्द्रावती उपन्यास २०४० सालमा प्रकाशन भएको हो । यस उपन्यासमा राणाशासनकाल र २००७ सालदेखि २०१७ सालसम्मको प्रजातन्त्रकालर त्यसपछिको पञ्चायती व्यवस्थामा मानिसका सोचविचार, रहनसहन, भेषभूषा, व्यापार-व्यवसाय, सामाजिक चालचलन, रीतिरिवाज, खानपानजस्ता सांस्कृतिक मूल्यमान्यतामा देखिन आएका फेरबदल अनि नयाँ सांस्कृतिक मूल्यमान्यताको स्थापना जस्ता कुराहरू प्रतिबिम्बित छन् । यस उपन्यासमा चित्रण गरिएअनुसार राणाहरूको जीवनशैली र व्यवहार देखेर त्यस्तै जीवनको कल्पना गर्ने बुढा काजी (चतुर्भुज) पात्रमा आफूभन्दा कमजोरलाई कज्याएर मोज गर्ने प्रवृत्ति रहेको छ । उनको छोरो सानु काजी (त्रिलोचन सिंह) डर, धाक देखाएर सोझासाझा र निमुखा जनतालाई तर्साएर शोषण गर्ने डकैती शैलीको देखिन्छ । सिन्धुपाल्चोकको इन्द्रावती नदी किनारका समुदाय त्यसमा पनि माझी जातिमाथि बुढा काजी र साना काजी हैकम चलाउँछन् । भुमा माझी जस्ता पुराना पुस्ताका मानिसहरू बुढा काजी र साना काजीजस्ता सामन्तहरूको षड्यन्त्र र कपटी चाला बुझ्न सक्दैनन् र आवाज उठाउन पनि सक्दैनन् । नयाँ पुस्ताका लालगेडीजस्ता चरित्रवान् र स्वाभिमानी चोखो रहन सक्दैनन् भने शोभिते जस्ता श्रमको मूल्य खोज्नेहरू यिनै सामन्तको चक्रव्यूहबाट उम्कने प्रयास गर्दैछन् । यसरी यस लेखमा विविध घटनाक्रमबाट सिर्जित परिस्थिति र तिनबाट उत्पन्न भएका परिवर्तित जीवनशैलीमा पाइने वर्गीय, जातीय, लैङ्गिक र परिवेशगत सांस्कृतिक विविधताको विश्लेषण गरिएको छ ।

## वर्गीय संस्कृति

समाजमा आर्थिक रूपले समान वितरण छैन । आयआर्जनका प्रशस्तै अवसर पनि छैनन् । सीमित अवसर सीमित व्यक्तिले मात्र प्राप्तगर्दछन् । अवसरविहीनहरू आर्थिक रूपले कमजोर हुँदा आर्थिक असमानताको स्थिति उत्पन्न हुन्छ र वर्गको बीजारोपण हुनुका साथै वर्गीय विभेदका अनेक रूप देखिन थाल्छन् । उच्चवर्ग मालिक बन्न खोज्छ । निम्नमध्यम वर्ग र निम्नवर्ग क्रमशः सामान्य तरिकाले र ज्याला मजदुरी गरेर जेनतेन जीवन यापन गर्दछन् । सम्पन्न वर्गले कमजोर वर्गमाथि उनीहरूकै कमजोरीको हतियार बनाएर दमनकारी शासन गर्दछन् । कमजोरलाई आर्थिक प्रलोभन देखाएर आफ्नो कब्जामा लिन चाहन्छन् । सत्ता र शक्तिको दुरुपयोग गरी गरिब तथा निर्धाहरूलाई आफ्नै दासताका घेराभित्र राख्न चाहन्छन् । स्वतन्त्र भएर जीवनयापन गर्न नदिने र आफ्ना निगाहमा मात्र बाँच्न सक्ने स्थितिको सिर्जना गरिदिन्छन्। यस्ता वर्गको प्रतिनिधिका रूपमा उपन्यासमा प्रस्तुत बुढा काजीको यस्तो दुष्प्रवृत्तिलाईबुझ्न नसक्दा सोझा माझीहरूका आँखामा उसको धूर्त र महाशोषक रूप ओझेल

पर्थ्यो र उदार, विवेकी तथा दयावान् मालिकका रूपमा देखापर्थ्यो । उसले जनताको रगतबाटै आफ्नो यत्रो सम्पत्ति जोडेको थियो तर पनि उसको शोषकरूप स्पष्ट देखिँदैनथ्यो । ऊ यस्तो जुका थियो,जसले चुसेको पत्तो मान्छेलाई हुँदैनथ्यो । उपन्यासमा सामन्त वर्गको प्रतिनिधित्व गर्ने बुढा काजीका तीन पुस्ताका माध्यमबाट सामन्ती संस्कृति प्रतिबिम्बित भएको छ । निम्नवर्गका माझीहरू यस्ता शोषक, कपटी र षड्यन्त्रकारीहरूको भित्री रूप ठम्याउन सक्दैनन् । सामन्तको दबाब महसुस भइहाले पनि प्रतिवाद गर्ने हिम्मत जुटाउन सक्दैनन् । बुढा काजी सामन्तवर्गको प्रतीक हो । सामन्तवर्गका व्यक्तिहरू आफूलाई राजा र जनतालाई आफ्नो हुकुम मान्ने प्रजाका रूपमा हेर्छन् । त्यसैले सामन्त आफूलाई मालिक ठान्दछन् भने जनताहरूलाई आफ्ना आज्ञाकारी । यही सोच तथा संस्कारमा हुर्केबढेको बुढा काजी निर्धा र कमजोरहरू माथि हैकम चलाउँछ । आफ्ना घरमा आइपरेका सानादेखि लिएर ठुला काममा समेत गरिब माझीहरूलाई लदाउँछ । ऊ आफ्नो आज्ञाको पालना सबैले गर्नुपर्ने र नगर्नेले कालको मुखमा जानुपर्ने स्थितिको सिर्जना गर्छ । उपन्यासमा बुढा काजीले आफूलाई अरूभन्दा उच्च स्थानमा रहेकोठ ानेको छ । काजीले आफ्ना अगाडि तार्किक बहस गर्नेहरि सन्न्यासी र देवु पनेरूजस्ता पात्रहरूको इहलीला समाप्त गरिदिएको छतैपनि उसका बारेमा खुलेर विरोध गर्न कसैले सकेका छैनन् । यस उपन्यासमा सर्वसाधारणले प्रयोग गर्नेभन्दा महङ्गा कपडा, भाँडाबर्तन र सौखिन तथा विलासिताका सामानहरू काजीको परिवारले प्रयोग गर्नु, उनीहरूसँग ठुलाठुला बङ्गाला, फराकिलो घरआँगन, बगैँचा, प्रशस्त जग्गाजमिन हुनु अनि उनीहरूकोधनी तथा पहुँचवालासँग सङ्गत हुनु, घरमा आएका पाहुनाको भव्य तरिकाले स्वागतगर्नुजस्ता व्यवहारको प्रदर्शन जस्ता कुराउच्च वर्गीय संस्कृतिका रूपमा देखाएका छन् ।

उपन्यासमा बुढा काजी र साना काजी दुवैमासामन्ती संस्कृति पाइन्छ । बुढा काजी शुद्ध सामन्तवादको शुद्ध चरित्र हो भने साना काजी खिचडीवादको उपज छद्म चरित्र हो । साना काजीले राजनीतिक शक्तिका आडमा गाउँका निमुखाहरूको इज्जत लुटेको छ, सन्न्यासी र देवु पनेरूको हत्या गरेको छ र  त्यसको दोष सर्वसाधारण माथि थुपारेको छ । सरकारी नीति नियमका दृष्टिले आफूचोखो बनी आफ्नो हैकम मान्न आलटाल गर्नेहरूलाई व्यवस्था विरोधी साबित गरेर जेल चलान गरेको छ । यस्ता घटना धनी वर्गले जतिसुकै गरैकानुनी आपराधिक र निन्दनीय कार्य गरे पनि पैसाको खोलो बगाएर सफाइ पाउन सक्ने र अस्मिताको जोखिम उठाउनु नपर्ने सामन्ती संस्कृतिका सूचक हुन् ।

उपन्यासमा बुढा काजी र साना काजीका शोषण गर्ने र दबाउने तरिका फरक फरक देखिन्छन् । समयको गति, सामाजिक, राजनीतिक परिवर्तनसँगै नयाँ अनुहार लिएर आएका शोषकहरूका कब्जामा रहेका निम्नवर्ग रबरको पुतलीझैँ उनीहरूकै इसारामा चल्न बाध्य छन् । निम्नवर्गका मान्छेहरू मालिकको सेवा गरी उनीहरूलाई खुसी राख्न सके आफू खुसी हुन सक्ने सम्झी चाकडी र थाप्लुसी नै जीवन जिउने  आधार सम्झन्छन्। आफ्नो खुसी तथा सामर्थ्य पहिचानगर्न फुर्सदै पाउँदैनन् । अपराध धनीले गर्छ तर सजाय गरिबहरू भोग्छन् । अनैतिक धनी हुन्छ, लज्जित गरिब भएका हुन्छन् । श्रम गरिब गर्छन्तर श्रमको मूल्य धनीले पाउँछन् । यसरी जीवनमा जताततै धनी अर्थात् सामन्तकै हैकम हुन्छ । जीवित भएर पनि प्राण सामन्तको हातमा हुने जस्ता घटनाहरू कमजोरहरूले भोगेको जीवन हो र उनीहरूको संस्कृति हो ।

त्यस्तै गरी सोझा माझीहरूलाई काजी खलकले दिएको कष्टकर जीवनप्रति सहानभूति राखी साना काजीसँग लड्ने तागतकारूपमा माझी केटाहरूले लिने गरेका देवु पनेरु र हरि सन्न्यासी अवसरवादी चरित्र हुन् । गिरी मास्टर आफ्नो जागिर जोगाउनेकै लागि सत्यको साथ नदिई सामन्तसँग दबेर बस्ने शिक्षक वर्गको प्रतिनिधिपात्र हो । लालगेडी, सोभिते, भिमे, जैमानेजस्ता स्वाभिमानी सचेत पात्रहरू सामन्तको अन्यायको विरुद्ध आवाज

उठाउने नयाँ पुस्ताको युवा वर्गका प्रतिनिधि पात्रहरू हुन् । यी प्रत्येक पात्रका चरित्रमा आ-आफ्नै वर्गका वर्गीय संस्कृति पाउन सकिन्छ ।

## जातीय संस्कृति

जातीय विविधतासँगै तिनका संस्कृतिमा पनि विविधता पाइन्छ । जाति विशेषका चालचलन र रीतिरिवाज फरक हुँदा सांस्कृतिक मूल्यमान्यतामा पनि यसको छाप झल्किन्छ । यस उपन्यासमा ब्राह्मण, क्षेत्री र माझी जातिहरूको संस्कृतिको चित्रण गरिएको छ । ब्राह्मणले कर्मकाण्ड र पूजाआजा गर्ने विभिन्न चाडपर्व जस्तै माघे सङ्क्रान्ति, एकादशी, जनैपूर्णिमा, कुसे औँसीमा जजमानका घरमा पुगी सामान्य विधि पुऱ्याएर सिधा तथा दानदक्षिणा बटुलेर लाने काम गरी परम्परागत संस्कृतिलाई निरन्तरता दिएको पाइन्छ । त्यस्तै बुढा काजीजस्ता क्षेत्रीहरू पनि वेदु पनेरु जो ब्राह्मण जातिका हुन्, उनैलाई पण्डितकारूपमा अपनाएर आफ्नो धर्मकर्मका काम गराउँछन् । ब्राह्मण र क्षेत्रीका सांस्कृतिक मूल्यमान्यताहरू विधिका दृष्टिले समान नै देखिन्छन् र माझी जातिको संस्कारभने अलि फरक देखिन्छ । माझीहरूको मृत्यु संस्कार, नैतिक बन्धनको सीमा, जीवनयापनका आधारहरू ब्राह्मण, क्षेत्रीहरूका भन्दा फरक देखिन्छन् । उनीहरू मानिस मरेको वर्ष दिनलाई विशेष रूपमा लिन्छन् । दसैँको एकादशीको दिनलाई पितृ उतार्ने पर्वका रूपमा लिन्छन् । त्यस दिन वल्लापल्ला गाउँका माझीहरू जम्मा हुन्छन् । नाताकुटुम्ब बोलाइन्छन् । नवमीका दिनदेखि यसको तयारी सुरु हुन्छ (पृ.२२४) । घरआँगनवरपर लिपपोत, बडारकुडार गरी सफा र शुद्ध बनाइन्छ । घरका छोराहरू बिहानै नुहाएर पवित्र हुन्छन् । पितृबोलाउन झाँक्रीलाई निम्ता गरिन्छ । झाँक्री भुल्याउने सर्दाम घाँडो, घुघुरो, धूप, बाबरी, धनुकाँड सबै ठिक पारी लोहटाको पानीले हातखुट्टा धोएर घरभित्र पस्छ (पृ.१२५) झाँक्रीका पछि परिवारसहित अरूहरू पनिलाग्छन् । पितृलाई आह्वान गर्ने गीतहरू घन्किन थाल्छन् ।सवाल-जबाफ तथा दोहोरीसम्मको रमाइलो, नाचगानका साथै जाँडरक्सी, सुँगुरको मासुलगायतका परिकारको मज्जासँगै पितृ भुल्याउने पहिलो दिन बित्छ । दशमीका दिन सम्पूर्ण आफन्तसहित बिहानै ३६५ दिनका लागि पितृहरूले उपभोग गर्नका लागि इन्द्रावतीका पानीमा तर्पण दिने गर्छन् । बेलुकी फेरि खोलामा गएर झाँक्रीले खोलाका सबै बाह्र मसान, तेह्र पिचास, भूत-प्रेत, छौँडा जगाएर गाउँमा ल्याउँछ अनि पितृ भुल्याएका ठाउँमा धर्को छिपेर डोरी टाँगी बाहुन-बाहुनीका लागि कपडा टाँगेपछि गीतअनि खानपिन चल्छ । ढोलकीका तालमा आइमाई लोग्ने मान्छे नाँच्न थाल्छन् ।तेस्रो दिन एकादशी पितृ बोलाउने मुख्य र अन्तिम दिन सबै मानिसहरूको भिडभाड उत्तिकै हुन्छ । झाँक्रीले आदेशअनुसार लिङ्गो काट्न जाँदा भोटेको अभिनय गर्नेले जाँडको पुङ बोकेर मुखभरि पिच्का हाल्न उसका पछाडि दौडिन्छन् । सल्लाको लिङ्गो, तरबार र घोडाका लागि ठेउको लिएर आउने काम हुन्छ । गाउँका दुइटी कन्याकेटीलाई बाहुन-बाहुनी बनाएर उनीहरूद्वारा हातमा गुलेली हान्छन् र लिङ्गोलाई पानीमा पखालेर आँगनमा गाडिन्छ अनि पितृ उतार्ने काम सम्पन्न हुन्छ । मृत्यु संस्कारै भए पनि त्यसलाई उत्साह र उमङ्गका साथ मनाइन्छ । किनभने यो एक मात्र माझी समुदायको सांस्कारिक चाड वा पर्व हो । त्यसैले यसलाई उनीहरू रमाइलोका साथ मनाउँछन् ।

यौनसंसर्गलाई माझी समुदायले अरू अभिजात्य समाज अर्थात् बाहुनक्षेत्रीको समाजले झैँ भयानक रूपमा पाप र अनीतिका रूपमा लिँदैनन् । खण्डित कौमार्यलाई त्यति घृणित र अवाञ्छित रूपमा लिँदैनन् । (पृ.२२२) कुनै मेला वा जात्राबाट केटाले केटीलाई जितेर वा घिच्चाएर ल्याएर पनि विवाह गर्ने चलन माझी जातिमा पाइन्छ । इन्द्रावती किनारका माझीहरूले बाबुबाजेले खोरिया खनेर कमाएको काजीको खुवा खानी (हाल रैकर) मा परेको पाथी बाह्र माना बिजनका खेतीपातीको काम गरेर अनि फुर्सदको समयमा ज्याला–बुहनी गरेर रकाजीका बेठबेगारी गरेर जीविका चलाएको पाइन्छ तर यसबाट उनीहरूलाई खान पुग्दैन । त्यसैले उनीहरू खोलामा डुङ्गा

चलाउने, माछा मार्नेजस्ता परम्परागत काममा नै अल्झिएका देखिन्छन् । माझी जातिहरू खोलासँग सङ्घर्ष गर्दै दुवाली फर्काउनु, रह र दह परेका ठाउँमा जाल, महाजाल खेल्नु र बल्छी खेल्नुमा नै रमाउँछन् र यसबाट इन्द्रावतीको वरदानस्वरूप जे-जति माछा-गँगटा हात पर्छन् ; तिनैलाई पेरुङ्गामा हाली सिलमा उनेर पसलमा लगी बेच्छन् र त्यसैबाट आफ्नो परिवारको पेट पाल्दछन् । विकासको नयाँ ढोका खुलेका ठाउँमा ज्याला-मजदुरीका लागि युवाहरू फाटफुट रूपमा जाने गरेको पनि पाइन्छ ।

## लैङ्गिक संस्कृति

हाम्रो समाज पितृसत्तात्मक छ । यहाँका कतिपय नीतिनियम, सामाजिक मर्यादाका सीमा, चालचलन, हिँडाइ, बसाइ, काम गराइजस्ता कुराहरूमा समेत लैङ्गिक भेदभाव देखिन्छ । यस्ता भेदभावलाई पुष्टि गर्ने धेरै उदाहरणयस उपन्यासमा पाइन्छन् । केही उद्धरण हेरौँ :- गृहिणी र चेलीहरू यसरी दिनचर्यामा निक्लेर गएको निकै बेरपछि मात्र घरका बुढाखाडा र तन्नेरी लोग्नेछोरा अनि केटाकेटी उठ्छन् (पृ. १५९) । खास गरी आइमाईहरूको जीवनधारा त विश्राम गर्ने पाउन्न, अविराम गतिमा प्रवाहित भइरहन्छ । बिहान कुखुराको डाँकामा सुरु भएर डोकामा गाग्रो हालेर झन्डै आधा कोस तलको पँधेरामा गएर पानी खेप्ने, घरको कुचोकसेर र लिपपोत गर्ने र सुँगुरलाई आहारा-पानी दिएर चर्न छोडिदिने इत्यादि भँगालाहरूमा बाँडिँदै फाट्दैराति आधारातमा घरका लोग्नेमान्छे, केटाकेटीलाई ख्वाउने-प्याउने र सुताउने गरेपछि आफू पनि अगेनामा डिलवरिपरि फ्याङ्लो सुकुल-गुन्द्रीमा पसारिने क्रियामा गएर अन्त हुन्छ (पृ. १५९) ।

उपन्यासमा साना काजी र उसका सहरिया साथीहरूले गाउँका छोरी-बुहारीमाथि अनैतिक व्यवहार गरिरहँदा नारीहरू नै लज्जित भएका छन् । नारीहरूले कामवासनाका निम्ति सिर्जेका वस्तुसरह भएर बाँच्नुपरेको अवस्था छ ।

"लालगेडीका आँखा भरिएर आए ।उसले आफ्नो जन्मको साइतलाई भित्रभित्रै धिक्कार्दै सराप दिँदै बलिन्द्र धारा आँसु झारी । हरे ! उसकी आमाले उसलाई कस्तो साइतमा जन्माइछन् । आइमाईको जुनी लिएर आज उसले कस्तो नर्कको भोग भोग्नुपर्न आँट्यो । बुदुने, हरे, साना काजी, पुलिस र सहरिया गुन्डासँग कति लुछिनुपर्ने हो (पृ.२२४) ।"

विभिन्नमेला तथाजात्राबाट पुरुषको बलमा लतारिएर वैवाहिक जीवनको सुरुआत गर्न महिला बाध्यहुँदा उसको श्रीमान् भने आफू पुरुषार्थ प्रदर्शनमा विजयी सम्झन्छ । पुरुषहरू राति अबेरसम्म घर छोडेर टाडा गएर बस्न समाजमा छुट छ तर महिलालाई घरबाहिर अन्य अपरिचित ठाउँमा गएर बस्ता अनेक थरीका असुरक्षाको सामना गर्नुपर्छ । त्यो असुरक्षाको कारक पनि पुरुषका हिंस्रक व्यवहार नै हुन् । सोभितेले गाउँ छाडेर जाने कुरा गर्दा लालगेडीको भनाइ हेरौँ :

"तिमीहरू छोरा मान्छे त जाँ गए नि क्यै छैन, पाखुरा बजारेर खाउला, हामी आइमाईको जातले (पृ.१२२)" ! रातदिन जोतिएर काम गरे पनि घरमा घरजस्तो वातावरण सिर्जना गर्ने र महिलाहरूको भावना बुझ्ने भन्दा पनि उनीहरूलाई अलग्गै दृष्टिकोणबाट हेरिन्छ । उदाहरण हेरौँ :

"के आइमाईका जस्तोखासखुस गरेर अर्कालाई जथानाम बोल्छस् । हुती छ भने मर्दजस्तो बनेर अगाडि सर् न (पृ.१२९)" माथिको भनाइमा आईमाई खुलेर आफ्ना कुरा राख्न नसक्ने र अरूले सुन्लान् भनेर डराई खासखुस गरी बोल्ने हिम्मत नभएका भनी प्रस्तुत गरिएको छ ।

गहना र लुगाको थुप्राले तँलाई शिरदेखि पाउसम्म पुरिदिन्छ उसले आइमाईका जातलाई त्योभन्दा बेसी के चाहिन्छ (पृ.१६२) आइमाईलाई आकर्षक गहना र चुरापोते जस्ता केवल शृङ्गारका साधनहरू मात्र मनपराउने र त्यस्ता साधन दिनसक्ने व्यक्तिसँग लोभिन्छन् भनी महिलाको त्याग र प्रेमलाई हलुका रूपमा प्रस्तुत गरिएको छ ।

उच्च खानदानदेखि अत्यन्त गरिबहरूका घरमा जन्म भएपनि आइमाईलाई उसकै घर-परिवारदेखि सामाजिक दृष्टिले कमजोर, आश्रित र पुरुषका सन्तुष्टिका लागि बनेका प्राणी सम्झने जस्ता लैङ्गिक विभेदको संस्कृति पाइन्छ ।

## निष्कर्ष

रमेश विकलद्वारा लिखित 'अविरल बग्दछ इन्द्रावती' उपन्यासमा इन्द्रावती नदीको किनारमा बसोबास गर्ने माझी जाति र त्यहाँ रहेका ब्राह्मण तथा क्षेत्री समाजका परिवेशमा पाइने विविध सांस्कृतिक पक्षहरू भेटाउन सकिन्छ । मानिसको जीवनको सुरुआतदेखि उनीहरूका जीवनमाघट्दै आएका विभिन्न क्रियाकलापहरू, रहनसहन, भाषा, व्यवहार, भेषभूषा आदिका माध्यमबाटै संस्कृतिको जन्म भएको र त्यो मानवीय जीवनशैलीसँगै बदलिँदै निरन्तर रूपमा अगाडि बढ्दै गएको पाइन्छ । मानव व्यवहारकाक्रममा बोलीचाली, रहनसहन, भेषभूषा, सामाजिक, राजनीतिक, वर्गीय, शैक्षिक, विकसित- अविकसित, उँचनीच र सम्पन्न-विपन्न जस्ता परिस्थिति समाजमा देखिँदै जाँदा संस्कृतिको आयाम विस्तार हुँदै जान्छ । यसै क्रममा ग्रामीण, सहरिया, सामन्त वा उच्च खानदान, शोषित वा निम्नवर्गीय, उच्च वा निम्नभन्ने जस्ता विविध संस्कृति देखापर्छन् । 'अविरल बग्दछ इन्द्रावती' उपन्यासमा सामन्ती वर्गको संस्कृति बुढा काजीका काजी खलकका आचरणबाट र निम्नवर्गको संस्कृति माझी जातिका जीवनभोगाइ र कमजोर मानसिकता, दमित, शोषित जीवनव्यवहारबाट देखिन्छ । चाडपर्व तथा मृत्युसंस्कारका दृष्टिले हेर्दा ब्राह्मण, क्षेत्री तथा मतवालीको भन्दा छुट्टै किसिमको संस्कृति माझी जातिमा रहेको पाइन्छ । ग्रामीण जीवनमा घाँस-दाउरा, खेतीपाती, मेलापात, पानीपँधेरो, ज्याला, मजदुरी, अर्मपर्म, सरसापट आदि गर्नुपर्ने; जात्रा, मेला जाने; चौतारामा बिसाउने, तास खेल्ने; रोजगारीका नयाँ अवसर नमिल्दा गरिबीमा पिल्सिनुपर्ने; पराल र खरले छाएका झुप्राहरूमा बस्नुपर्ने जस्ता गरिबी झल्काउने संस्कृति पाइन्छ । तात्कालिक निर्दलीय निरङ्कूश पञ्चायती राज्यसत्ताका आडमा ग्रामीण क्षेत्रमा शासकहरू र ठुलाबडाहरूबाट जनदमन, षड्यन्त्र, दादागिरी, बलात्कार, शोषण-उत्पीडनजस्ता अपसंस्कृति मौलाएको देखिन्छ भने सहरिया जीवनमा प्राकृतिक तथा परम्परागत संस्कृतिलाई लत्त्याएर फोस्रो, कृत्रिम र तडकभडकयुक्त आडम्बरी कुसंस्कृतिले प्रश्रय पाएको देखिन्छ । यसरी उपन्यासमा ग्रामीण र सहरिया तथा सामन्त र निर्धा जाति वा समुदायहरूको चिन्तन र त्यसअनुसारको जीवनशैलीगत संस्कृतिको झलक पाइन्छ । यहाँ चित्रित संस्कृतिमा समग्र नेपाली समाजमा प्रचलित पुरातन र नूतन संस्कृति तथा तिनका सबल र दुर्बल पक्षहरूको आंशिक प्रतिबिम्बनसमेत भएको छ ।

## सन्दर्भ सामग्री

उप्रेती, गङ्गाप्रसाद र अन्य (२०७९). *प्रज्ञा नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कुँवर, उत्तम **(२०६७). "**अन्तर्वार्ता**" रमेश विकल : बिम्ब एक, प्रतिबिम्ब अनेक (स्मृतिग्रन्थ).** काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान ।

के.सी., सुरेन्द्र (२०७५)."संस्कृति र अभौतिक सांस्कृतिक सम्पदा" *नेपाली लोकवार्ता* (सम्पा. मधुसूदन गिरी). नेपाल : लोकवार्ता परिषद् ।

चापागाईं, निनु (२०५९). *सन्दर्भ : संस्कृति र सांस्कृतिक रूपान्तरण.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि ।

जी.सी., झपेन्द्र (२०७२). *तीजपर्वको सांस्कृतिक अध्ययन.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रभात, विष्णु (सम्पा) (२०७४). *प्रज्ञा संस्कृति कोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

प्रश्रित, मोदनाथर पन्त रघु (२०६९). "सङ्घीय समावेशी लोकतान्त्रिक पद्धति : नयाँ नेपाल निर्माणका लागि जनसंस्कृति" **संस्कृति** (सम्पा. जीवेन्द्रदेव गिरीसमेत). काठमाडौँ : राष्ट्रिय जनसांस्कृतिक महासङ्घ ।

भट्टराई, ध्रुवप्रसाद र अन्य (सम्पा.) २०७९). *नेपाली लोकवार्ताकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

विकल, रमेश (२०६९). *अविरल बग्दछ इन्द्रावती* (चौथो संस्करण). ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* काठमाडौँ : पाठ्यसामग्री पसल ।